# पुस रो सिडरद्वारा मकै रोप्ने तरिका



## परिचय

पुस रो सिडर (Push Row Seeder) तीन वटा शब्द 'Push' अर्थात धकेल्नु, 'Row' अर्थात पङ्क्ति, र 'Seeder' अर्थात बीउ रोप्ने मेसिन मिलेर बनेको हो । जसको अर्थ धकेलेर पङ्क्तिमा मकै रोप्ने मेशिन भन्ने बुझिन्छ । यो मेसिन भर्खरै मात्र नेपाली बजारमा आएको कृषि यन्त्र हो । यो एक प्रकारको यन्त्र हो जसलाई सजिलै हातले धकेलेर चलाउन सकिन्छ । मकै साथै भटमास, केराउ, सिमि, बदाम, कपास समेत रोप्न/छर्न मिल्ने यो मेसिन किसानहरु माझमा निकै लोकप्रिय बन्दै आएको छ ।







## बनावट

यो हाते मेसिन कडा प्लास्टिकले निर्माण गरिएको हुन्छ । यसमा बीउको साइज अनुसारको चक्का जडान गर्ने ठाउँ हुन्छ । यसमा मकैको बीउ र मल राख्नको लागि छुट्टाछुट्टै बाकस हुन्छ । मेसिनको हिड्ने चक्कामा बिउलाई माटोमा रोप्ने फाली जडान गरिएको हुन्छ । निश्चित दुरीमा जडान गरिएको फालीको सहायताले बीउलाई माटो भित्र पुर्याउने काम गर्छ । यसको सबै भन्दा राम्रो विशेषता यसको सटिकता हो ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
धादिङ